# आर्थिक ऐन (पहिलो संशोधन),

२०७५

सुदूरपश्चिम प्रदेश

**सुदूरपश्चिहम प्रदेशकोआर्थिक ऐन (पहिलो संशोधन), २०७५ को दफा १० लाई संशोधन गर्ने सम्वन्धी विधेयक**

**प्रस्तावनाः-** सुदूरपश्चि म प्रदेशको आर्थिक ऐन , २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १८७ को उपधारा २ बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सभाले देहाय बमोजिमको यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस ऐनको नाम **आर्थिक ऐन (पहिलो संशोधन), २०७५** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **आर्थिक ऐन, २०७५ को दफा १० मा संशोधन**ः-

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको ) को दफा १० को उपदफा (१) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

"(१) प्रदेश क्षेत्र भित्र संचालित उद्योग , व्यापार, व्यवसाय र सेवामा दर्ता र नविकरणका बखत अनुसूची ७ बमोजिमको प्रदेश सेवा शुल्क दस्तुर लाग्नेछ" ।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको ) को दफा १० को उपदफा (२) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

" (२) कर प्रशासन जिल्ला स्थित घरेलु तथा साना उद्योग एवं वाणिज्य कार्यालयले गर्नेछ"।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको ) को दफा १० को उपदफा (३) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

" (३) संकलन गरेको शुल्क संकलन गरेको दोस्रो दिन प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ" ।

सुदूरपश्चिम प्रदेश